mandala theatre-nepal

Regd. No. 686
SWC Regd. 28972
PAN. 304171310

# मण्डला नाटक समूह नेपाल
# Mandala Theatre Nepal

नयाँ बानेश्वर, थापागाउँ, लाखेचौर मार्ग, काठमाडौं
New Baneshwor, Thapagaun, Lakhechaur Marga, Kathmandu

Ref no: 012

**प्रेस विज्ञप्ति**

**मण्डला ड्रामा स्कूल तेस्रो ब्याचका लागि आवेदन खुला**

मण्डला थिएटर-नेपालले आफ्नो १८ महिने आवासीय नाट्य प्रशिक्षण कार्यक्रम **"मण्डला ड्रामा स्कूल (MDS) – तेस्रो ब्याच"** का लागि आवेदन खुला गरेको छ। यस कार्यक्रममार्फत नेपालभरिका युवा नाटककर्मी, लेखक, निर्देशक तथा सांस्कृतिक नेतृत्वकर्ता तयार गर्ने लक्ष्य राखिएको छ।
यो कार्यक्रम युरोपियन युनियनको सहयोगमा सञ्चालन भइरहेको **"Reclaiming Advocacy through Narratives, Debates, Grassroot Theatre and Arts (RANGA)"** परियोजना अन्तर्गत सञ्चालन हुनेछ। उक्त परियोजनाको उद्देश्य विशेषगरी सीमान्तकृत समुदायका युवाहरूलाई सिर्जनात्मक अभिव्यक्ति, संवाद र सांस्कृतिक अभ्यासमार्फत सामाजिक रूपान्तरणमा सक्रिय बनाउनु हो।

मण्डला ड्रामा स्कूल नेपालकै एकमात्र दीर्घकालीन आवासीय नाट्य प्रशिक्षण कार्यक्रम हो। तेस्रो ब्याचले विशेषगरी व्यवहारिक नाटक निर्माण प्रक्रिया, समावेशी कथा प्रस्तुति, समुदायसँगको सहकार्य तथा सामाजिक सरोकारयुक्त रंगकर्ममा केन्द्रित प्रशिक्षण प्रदान गर्नेछ। कार्यक्रममा अभिनय, निर्देशन, नाटक लेखन, सहभागितामूलक रंगमञ्च, प्राविधिक पक्ष तथा उत्पादन प्रक्रियासम्बन्धी गहन अभ्यास गराइनेछ।

यस कार्यक्रममा नेपालका सातै प्रदेशबाट **१४ जना (प्रत्येक प्रदेशबाट २ जना)** सहभागी छनोट गरिनेछन्। महिला, LGBTQIA+ समुदाय, अपाङ्गता भएका व्यक्ति तथा सीमान्तकृत समुदायका युवाहरूलाई विशेष प्राथमिकता दिइनेछ ताकि कार्यक्रम समावेशी र पहुँचयुक्त बन्न सकोस्।

प्रशिक्षण सम्पन्न भएपछि सहभागीहरूले आफ्ना प्रदेशमा स्थानीय मुद्दामा आधारित मौलिक नाटक निर्माण गर्नेछन्, जुन पछि **नेपाल अन्तर्राष्ट्रिय नाट्य महोत्सव (NITFEST) 2028** तथा सम्बन्धित प्रादेशिक महोत्सवहरूमा मञ्चन गरिनेछ।

यस महत्वपूर्ण पहललाई देशभरका युवासम्म पुर्‍याउन तथा नेपाली कला र रंगमञ्च क्षेत्रको दीर्घकालीन विकासका लागि मिडिया हाउसहरू, पत्रकार तथा सञ्चारमाध्यमहरूलाई यस खुला आवेदन प्रचार-प्रसारमा सहयोग गरिदिन मण्डला थिएटर-नेपाल हार्दिक अनुरोध गर्दछ।

**थप जानकारीका लागि** हाम्रो आधिकारिक वेभसाइट www.mandalatheatre.com मा जानुहुन अथवा कार्यक्रमका प्राज्ञिक निर्देशक सोमनाथ खनाललाई dramaschool@mandalatheatre.com वा +9779849296461 मार्फत सीधा सम्पर्क गर्न सक्नुहुनेछ । यहाँको साथ र सहयोगका लागि सदैव आभारी छौं ।

**बुद्धिराम तामाङ**
**अध्यक्ष**
**मण्डला थिएटर-नेपाल**